प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

कर्णाली प्रदेश, सुर्खेत, नेपाल

कर्णाली प्रदेशमा घरबास (होमस्टे) अध्ययन, संचालन तथा व्यवस्थापनको क्षमता विकास गर्नका लागि सेवा प्रदायक संस्था छनौट गर्न प्रस्तावना आव्हानको लागि तयार गरिएको कार्यक्षेत्रगत शर्त

## Terms of Reference *(TOR)*

१. **संस्थाले गर्नु पर्ने कामको पृष्ठभूमि:**

प्रदेशलाई औद्योगिकरणतर्फ उन्मुख गराई औद्योगिक विकास गर्न आवश्यक नीति, ऐन, नियम तर्जुमा गर्दै औद्योगिक क्षेत्रमा निजि, स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नको लागि औद्योगिक पूर्वाधारको निर्माण गर्दै लैजाने, मौजुदा पूर्वाधारको उपयोग गर्ने, कच्चा पदार्थको प्रशोधन गरि निर्यात जन्य पदार्थको उत्पादन गरि निर्यात गर्ने, लघु, घरेलु तथा साना उद्योगहरुको माध्यमबाट गरिबी न्यूनिकरण गरी प्रादेशिक अर्थतन्त्रलाई सबल बनाउदै, वाणिज्य क्षेत्रलाई सबल तुल्याउदै आन्तरिक अन्तर प्रादेशिक तथा बाह्य व्यापारको सहजीकरण, प्रवर्दन र नियमन गर्दै कर्णाली प्रदेशमा रहेका मूर्त तथा अमूर्त सास्कृतिक तथा धार्मिक, प्राकृतिक सम्पदाहरुको संरक्षण र विकास गर्दै प्रदेशको आर्थिक विकासको प्रमुख आधारको रुपमा रहेको पर्यटन क्षेत्रको माध्यमबाट रोजगारीको सृजना, आर्थिक क्रियाकलापमा वृद्धि र समग्र प्रादेशिक आर्थिक विकास र सम्मुनतिमा टेवा पुराउदै वन, वातावरण तथा जलाधार क्षेत्रको संरक्षणको माध्यमबाट खेतीयोग्य भूमिको संरक्षण र उत्पादकत्वमा वुद्धि पानी मुहान बन्यजन्तु र जैविक विविधताको संरक्षण र वातावरणीय स्वच्छता कायम राख्दै स्रोतको दिगो उपयोग मार्फत अर्थतन्त्रमा योगदान पुऱ्याउने लक्ष्यका साथ यो मन्त्रालय २०७४ सालमा स्थापित भएको हो ।

कर्णाली प्रदेशको ग्रामीण भेग तथा शहरी क्षेत्रमा घरबास (होमस्टे) को माध्यमबाट पर्यटनको विकास प्रर्बद्धन, संरक्षण र व्यवस्थापन गर्न तथा पर्यटन व्ययवसायबाट प्राप्त हुने लाभलाई समुदायको पहुचभित्र ल्याउन र घरबास (होमस्टे) का लागि पर्यटकीय संरचनाको निर्माण गर्न कर्णाली प्रदेश सरकारको यस उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले घरबास (होमस्टे) संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ जारि गरेको छ । आ.व.२०७५\७६ मा यस मन्त्रालयले स्थानीयहरुको आय आर्जन र रोजगारीमा अभिवृद्धि गर्न र पिछडिएको समुदायलाई पनि पर्यटन विकासको मूलप्रवाहमा ल्याएर गरीवी निवारणका लागि उपयुक्त मानिएको घरबास (होमस्टे) पर्यटनको अध्ययन, विकास, प्रर्बद्धन र संचालनका लागि आर्थिक तथा प्राविधिक प्रस्तावनाको माग गरेको छ । मन्त्रालयमा प्राप्त प्रास्तावनाहरु मध्येबाट मूल्यांकनको आधारमा अधिकतम अंक प्राप्त गर्ने संस्थासग सार्वजनिक खरिद ऐन २०६३ अनुसार सम्झौता गरि कार्यक्रम संचालन गरिने छ ।

२. **कार्यक्रमको उद्देश्य:**

कर्णाली प्रदेशका प्राकृतिक सौन्दर्यता, संस्कृति, परम्परा, ऐतिहासिक धरोहरहरूमा आउने पर्यटकहरुलाई घरबास (होमस्टे) संचालन तथा व्यवस्थापन मार्फत आतिथ्यता सत्कार, स्थानीय खाना, नास्ता र बसाई व्यवस्थापन गरि स्थानीय रितिरिवाज, कला, संस्कृति, रहन सहनको विकास गरि स्थानीय विपन्न वर्गका युवाहरुलाई स्वरोजगारीको अवसर प्रदान गरी उनीहरुको आयस्तरमा सुधार गर्ने ।

३. कार्यक्रम गर्नुपर्ने क्षेत्र तथा बजेट:

यस परियोजनालाई कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर देखि रारा ताल (मुगु) जाने पर्यटकिय क्षेत्रमा पर्ने स्थानीय ग्रामिण बजारहरुमा घरबास (होमस्टे) संचालन तथा संचालनमा आएका घरबास (होमस्टे)हरुको स्तरउन्नती गर्नका लागि कार्य क्षत्र निर्धारण गरिएको छ ।

बजेट १८००००० (अक्षेरपी अठार लाख मात्र )(सबै करहरु सहित)

४. छनौट भएका संस्थाले गर्नुपर्ने कार्यहरु:

१) वीरेन्द्रनगर देखि राराताल जाने बाटोहरुमा घरबास (होमस्टे) का लागि उपयूक्त सम्भावित स्थानहरुको पहिचान गर्ने ।

२) पहिचान भएका घरबास (होमस्टे) हरुमा समुह सदस्य/ पदाधिकारीहहरुलाई सचेतना तालिम दिने ।

३) स्थानीय सर्वपक्षिय सरोकारवारवालाहरु संग प्रभावकारी रुपमा घरबास (होमस्टे) संचालनका लागि छलफल तथा आधारभूत सुचना संकलन गर्ने ।

४) घरबास (होमस्टे) सञ्चालनको लागि स्थानीय स्तरमा समुह निर्माण गरि युवाहरुको क्षमता विकास गर्ने ।

५) घरबास (होमस्टे) संचालन गर्नका लागि पहिचान भएका युवाहरुलाई आवश्यक पर्ने सिप मुलक तालिम संचालन गर्ने ।

६) घरबास (होमस्टे) को लागि आवश्यक सामान्य भौतिक पूर्वाधार निर्माण, मर्मत, सुधार र आवश्यक सामाग्रिको लागि सहयोग गर्ने ।

७) घरबास (होमस्टे) को प्रचार प्रसारको लागि पप्लेट, ब्रसर निमार्ण गर्ने ।

८) स्थानीय तह संग समन्वय तथा सहकार्य गर्ने ।

९) मन्त्रालयले सुर्खेत,जुम्ला, कालिकोट, मुगु छनौट गरेका घरबासहरुको विस्तृत घरबास व्यवस्थापन योजना/ व्यवसायिक योजना बनाउने ।

१०) पर्यटकिय जनचेतनामुलक कार्यक्रम संचालन गर्ने।

११) घरबास (होमस्टे) को सांस्कृतिक संग्रालय स्थापना गर्न विस्तृत लागत अनुमान सहितको योजना पेश गर्ने ।

५. सेवा प्रदायक संस्थाले प्रस्ताब गर्नु पर्ने जनशक्तिको शैक्षिक योग्यता तथा अनुभव:

व्यवस्थापन, मानविकी वा अन्य विषयमा स्नातकोत्तर गरि घरबास/ सामूदायिक होटल व्यवस्थापनमा कम्तिमा ५ वर्ष अनुभव भएको । स्थानिय तह तथा प्रादेशिक सरकारसँग समन्वय गर्न सक्ने । कर्णाली प्रदेशको वस्तु स्थिति बुझेका लाई प्राथमिकता दिईने छ ।

**ख) प्रशिक्षण विशेषज्ञ : १ जना**

आतिथ्यता व्यवस्थापन, होटल व्यवस्थापन, पर्यटन व्यवस्थापन, वातावरण, प्राकृतिक श्रोत व्यवस्थापनमा स्नातक गरि घरबास, सामूदायिक होटल व्यवस्थापन, आतिथ्यता व्यवस्थापन, पर्यटन व्यवस्थापन वा होटल व्यवस्थापनमा कम्तिमा ५ वर्ष अनुभव भएको । स्थानिय तथा प्रादेशिक परिवेश, वस्तु स्थिति बुझेर काम गर्न सक्ने ।

**ग) आय आर्जन विशेषज्ञ : १ जना**

कुनै पनि विषयमा स्नातक गरि आयआर्जन सम्बन्धि ५ वर्ष अनुभव भएको । स्थानिय स्तरमा पर्यटन तथा आय आर्जनको वृद्धि गर्न सक्ने स्पष्ट सोच तथा क्षमता भएको ।

**घ) खानेपानी, सरफाई तथा स्वच्छता अधिकृत : १ जना**

कुनै पनि विषयमा स्नातक उत्तिर्ण भई ५ वर्ष खानेपानी, सरफाई तथा स्वच्छतामा काम गरेको अनुभव भएको ।

**नोट :**

१) तोकिएका जनशक्ति उल्लेख नगरेका प्रस्तावहरु मान्य हुने छैनन् ।

२) प्रस्तावित कर्मचारीहरुको नियूक्ति, निजहरुले सेवा प्रदायक संस्थासंग काम गर्न गरेको प्रतिबद्धता निजको शैक्षिक योग्यता र तालिमको प्रमाण पत्रको प्रतिलिपि नोटरी पब्लिकद्वारा प्रमाणित हुनु पर्नेछ । उल्लेखित कर्मचारीहरुको कार्य अनुभवको लागि जुन संस्थामा काम गर्ने हो सोही संस्थाले दिएको कार्य अनुभवको शिफारिसलाई मान्यता दिइने छैन ।

६. <u>अनिवार्य रुपमा पुरा गर्नु पर्ने पूर्व शर्तहरु:</u>

क) मान्यता प्राप्त संस्थाबाट विधिवत रुपमा दर्ता भई प्रस्तावना पेश गर्ने मितिले कम्तिमा पनि २ वर्ष पुरा गरि संस्थाको विधानमा आर्य आर्जन तथा व्यवसाय सीप विकासको क्षेत्रमा कार्य गर्ने उद्देश्यमा किटान गरिएको हुनु पर्नेछ ।

ख) मूल्य अभिवृद्धि करमा दर्ता भएको हुनु पर्नेछ ।

ग) आ.व.२०७४/७५ को कर चुक्ता भएको हुनु पर्नेछ ।

घ) संस्था विधिवत दर्ता भई अद्यावधिक नविकरण भएको हुनुपर्नेछ ।

ङ) कार्यक्षेत्रगत शर्त (ToR) मा उल्लेख भएका जनशक्ति उपलब्ध हुनुपर्नेछ ।

च) संस्थाले सम्बन्धित क्षेत्रमा काम गरको अनुभव पत्र तथा प्रगति प्रतिवेदन, गत २ वर्षको लेखापरिक्षणको प्रतिवेदन पनि पेश गर्नपर्नेछ ।

छ) सार्वजनिक कार्य गर्न नपाउने गरी कालो सूचीमा नपरेको स्वघोषणा पत्र संलग्न गर्नु पर्नेछ ।

ज) संस्था कालो सूचीमा नपरेको स्वघोषणा पत्र पेश गर्नु पर्ने छ ।

झ) तोकिएको ढाँचामा प्राविधिक तथा आर्थिक प्रस्ताब ।

७. **प्रस्तावको ढाँचा:**

आर्थिक तथा प्राविधिक प्रस्ताव आव्हानको सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ औ दिनसम्म www.moitfe.karnali.gov.np बाट कार्यक्षेत्रगत शर्त (ToR) तथा प्रस्ताबको ढाँचा प्राप्त गर्न सकिने छ । प्रस्ताबको ढाँचा अनुसुची १ बमोजिमको हुनु पर्नेछ ।

८. **प्रस्ताव पेश गर्ने तरीका:**

मन्त्रालयले उपलब्ध गराएको प्रस्तावको ढाचा अनुसार प्रस्ताव निर्माण गरि उल्लेखित प्रमाण पत्रहरु सहित संस्थाले खाममा सिलबन्दि गरी खामको बाहिर नाम, ठेगाना प्रष्टरुपमा उल्लेख गरि प्रस्ताव पत्र आव्हानको सूचना भएको प्रथम मितिले १६ दिनको १२:०० बजे भित्र कर्णाली प्रदेश, उद्योग, प्रर्यटन, वन तथा वातावरण मन्त्रालय, वीरेन्द्रनगर सुर्खेतमा दर्ता गरि सक्नु पर्नेछ । उक्त दिन सार्वजनिक विदा परेमा विदा पछि खुलेको पहिलो दिनलाई अन्तिम दिन मानिनेछ ।

९. **जनशक्ति परिचालन:**

संस्थाले प्राविधिक प्रस्तावमा उल्लेख गरीएका जनशक्ति नै कार्यक्रम कार्यान्वयनको क्रममा अनिवार्यरुपमा परिचालन गर्नु पर्ने छ । काबु भन्दा बाहिरको परिस्थितिमा जनशक्ति परिवर्तन गर्नु परेमा कार्यालयको सहमतिमा समान वा सो भन्दा बढी स्तरका (तोकिएको शैक्षिक योग्यता तथा कार्य अनुभव) जनशक्ति परिचालन गर्न सकिने छ ।

एउटै जनशक्ति दुई वा दुई भन्दा बढी संस्थाले प्रस्ताब गर्न पाइने छैन । एकै जनशक्ति (कर्मचारी) प्रस्ताव गरी एक भन्दा बढी संस्थाले प्रस्ताव पेश गरेको पाइएमा मन्त्रालयमा दर्ता भएको पहिलो प्रस्तावमा उल्लेखित जनशक्तिलाई कायम गरी अन्य प्रस्तावहरुमा उल्लेखित जनशक्ति स्वतः रद्ध हुनेछन् ।

१०. **प्रस्ताव मूल्यांकन गर्ने तरिका:**

मूल्यांकन गर्दा खरिद ऐन, २०६३ र नियमावली, २०६४ बमोजिम प्राविधिक प्रस्तावको अंक भार ८० र आर्थिक प्रस्तावको न्यूनतम रकम प्रस्ताब गर्ने प्रस्ताबकलाई २० अंक प्रदान गरिने छ । प्राबिधिक र आर्थिक प्रस्ताबको कुल अंकमा सवै भन्दा वढि अंक ल्याउने प्रस्तावलाई छनौट गरिने छ र दोश्रो र तेश्रो स्थान प्राप्त गर्ने प्रस्तावलाई क्रमशः बैकल्पिक सूचिमा राखिने छ ।

**प्रस्तावना मूल्यांकनको अंक भार विभाजन तथा आधारहरु :**

१)  घरबास/ सामूदायिक होटल व्यवस्थापन, आय आर्जन सिप तथा लघु उद्यमका क्षेत्रमा कार्य गरेको अनुभव तथा क्षमताहरु,

२) गत आ.व.मा संस्थाले संचालन गरेका परियोजनाहरु,

३) संस्था संग उपलब्ध आर्थिक, भौतिक तथा प्राविधिक क्षमताहरु,

४) उद्यमशिलता विकास, जीवन उपयोगि सिप, सिपमुलक तालिम, आय आर्जनका क्षेत्रमा काम गरेको,

५) संस्थाको वार्षिक कारोवार,

६) संस्थाको कर्मचारी, आर्थिक प्रशासन, लघु उद्यम, लैङ्गिक र सामाजिक समावेशी नीति तथा नियमावली,

७) संस्थाको बार्षिक प्रतिवेदन प्रकाशन,

८) संस्थाको कार्यक्षेत्र र भौगोलिक उपस्थिति ।

**संस्थाको अनुभव क्षमता, जनशक्ति र न्यूनतम योग्यता :**

क) संस्थाको अनुभव, दर्ता तथा क्षमता: घरवास तथा पर्यटन उद्यमका क्षेत्रमा कम्तिमा २ वर्ष सम्म कार्यक्रम संचालन गरेको, उद्यमशिलता विकास, जीवन उपयोगि सिप, सिप विकास तालिम, घरबास (होमस्टे) संचालन तथा व्यवस्थापनका क्षेत्रमा कार्य संचालन गरि कर्णाली  प्रदेशमा काम गरिरहेका संस्थाहरुलाई प्राथमिकता दिईने छ ।

ख) जनशक्ति: आय आर्जन, उद्यमशिलता विकास तथा घरबास (होमस्टे) संचालनका क्षेत्रमा कम्तिमा ५ वर्ष देखि कार्य गरि रहेका, व्यवसायिक योजना निर्माण, परियोजनाको योजना, निर्देशन, अनुगमन र निरीक्षण जस्ता क्षेत्रमा अनुभव प्रास गरेका लैङ्गिक तथा सामाजिक समावेसीका आधारमा कर्मचारीहरु भएको संस्थालाई प्राथमिकता दिइनेछ ।

११.**समय अवधि:**

बैशाख ,२०७६ देखि जेष्ठ मसान्त, २०७६ सम्म हुनेछ ।

**कार्य गर्ने शैली**

क) चयन भएको सेवा प्रदायक संस्थाले स्थानिय तथा प्रदेश सरकारसँग समन्वय गरेर काम गर्नु पर्नेछ ।

ख) सम्बन्धित डिभिजन बन कार्यलय तथा मन्त्रालयसँग समन्वय तथा सहकार्य गरी योजनाको गुणस्तरीय कार्यान्वयनको सुनिश्चितता गर्नु पर्नेछ ।

ग) संकलन गरिएका तथ्याङ्क तथा सूचनाहरुको गोपनियता कायम गर्नु पर्नेछ ।

१२.**सेवा प्रदायक संस्थाहरु छनौट तथा मूल्यांकनका आधार:**

ख) प्राबिधिक प्रस्ताव

ग) आर्थिक प्रस्ताव : प्राबिधिक प्रस्तावमा उत्तिर्ण नभएका प्रस्तावकको आर्थिक प्रस्ताव मूल्याङ्कन गरिने छैन ।

आर्थिक प्रस्ताव मुल्यांकनका आधारहरु :

आवेदकले पेश गरेको प्रस्तावको आर्थिक पक्षबाट देहाय बमोजिम मुल्यांङ्कन गरिने छः

क. उल्लेखित सबै क्रियाकलाप गर्दा लाग्ने खर्च

**नोट :**

कुल १०० अंकलाई २० अंक भार कायम गरी मूल्यांकन गरिनेछ ।

नियमानुसार प्राविधिक प्रस्ताव मूल्यांकन गरिसकेपछि मात्र आर्थिक प्रस्ताव खोलिनेछ । प्राविधिक प्रस्ताव र आर्थिक प्रस्तावको मूल्यांकनवाट सवैभन्दा वढी अंक प्राप्त गर्ने संस्थालाई छनौट गरिने छ ।

१. आर्थिक प्रस्तावको अंक दिने आधारः आर्थिक प्रस्तावको अंक दिने आधार प्रचलित कानून वमोजिम हुनेछ ।

२. देहायको अबस्थामा आर्थिक प्रस्तावको मूल्याकंन हुने छैन र आर्थिक प्रस्ताव मूल्याकंन नहुने संस्थाको प्राबिधिक प्रस्ताब पनि स्वतः रद्द मानिने छ ।

क. स्रोत व्यक्ति तथा सहभागीले प्राप्त गर्ने सेवा सुविधा र दैनिक तथा भ्रमण खर्च कर्णाली प्रदेश खर्च मापदण्ड निर्देशिका २०७५ वमोजिम हुनेछ ।

ख. दुई वा दुई भन्दा बढि आर्थिक प्रस्ताबहरुका सबै विवरणहरु हु– बहु मिल्न आएमा ।

३. प्रस्ताव मुल्यांकनः प्रस्तावको मुल्यांकन देहाय वमोजिम हुनेछ ।

| Evaluation Criteria | Minimum Requirement | Requirement and Scoring | |
|---|---|---|---|
| **A. Qualification** | | **Requirement** | **Marks** |
| **Qualification of Key Experts** | As per ToR | minimum qualification | 15 |
| | | above minimum qualification | 20 |
| **Experience of Key Experts** | As per ToR | up to 2 years | 10 |
| | | 2 to 4 years | 20 |
| | | 4 to 6 years | 25 |
| | | above 6 years | 30 |
| **B. Exerence** | | | |
| **General Experience of** | should have at least 2 | up to 2 years | 5 |

| | | | |
|---|---|---|---|
| consulting firm | years of experience in the field of consulting service | 2 to 5 years | 10 |
| | | above 5 years | 15 |
| **Specific experience of consulting firm within last 7 years. In case** | experience in project involving Homestay/Tourism and skill development activities | up to 2 years | 5 |
| | | 2 to 5 years | 10 |
| | | above 5 years | 15 |
| **Similar Geographical experience of consulting firm** | experience in projects involving Homestay/Tourism implementation in karnali province | with in district | 10 |
| | | adjoining district with in karnali province | 9 |
| | | with in karnali province | 8 |
| | | other province | 7 |
| **C. capacity** | | | |
| **Financial Capacity. [Average turnover required shall not** | minimum annual turn over | up to 2000 thousand | 2 |
| | | 2000 to 3000 thousand | 3 |
| | | above 3000 thousand | 4 |
| **Infrastructure/equipment related to the proposed assignment.** | executing office and other physical facilities | with in Province | 6 |
| | | out side Province | 5 |
| | | Total | 100 |

१३. विविधः

यसमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली, २०६४ (संशोधन सहित), मन्त्रालयले जारि गरेको घरबास (होमस्टे) संचालन तथा व्यवस्थापन कार्यविधि २०७५ तथा अन्य प्रचलित कानून वमोजिम हुनेछ ।

नोट : संस्था तथा जनशक्तिको कार्य अनुभव, शैक्षिक योग्यताको प्रमाण अनिबार्यरुपमा पेश गर्नु पर्नेछ । जुन संस्थाले काम लगाउने हो सोही संस्थाले प्रमाणित गरेको कार्य अनुभव मान्य हुने छैन ।

सहायक वन अधिकृत

सचिव

मन्त्री

# अनुसूची १

## प्राविधिक तथा आर्थिक प्रस्ताव फारम

### क. प्राविधिक प्रस्ताव फारम

| क्र. सं. | विषयवस्तु (Content) |
|---|---|
| १ | परियोजनाको शीर्षकः<br>छोटो रूपमा उल्लेख गर्नुहोस् (के, किन र कहिले गरिने छ ?) |
| क. प्राविधिक प्रस्ताव | |
| २ | भूमिका र पुष्ट्याइँ<br>२.१ यो परियोजना प्रदेश, जिल्ला, स्थानीय तहमा किन आवश्यक छ ?<br>२.२ यो परियोजनाका लागि लक्षित समुदायका मागका आधारहरू वा पुष्ट्याइँका आधारहरू के– के हुन् ?<br>२.३ परियोजनाको कार्यान्वयनका लागि संस्थाका निर्दिष्ट अनुभवहरू के– के छन् ? |
| ३ | परियोजनाको उदेश्यहरू (२.५ SMART सूचकहरू) निर्दिष्ट (Specific), मापनयोग्य (Measurable ), प्राप्त गर्न सकिने (Achievable), सान्दर्भिक (Relevant), समयसीमा (Time-bound)<br>.... परियोजना के उपलब्धि गर्न चाहन्छ ? |
| ४ | लक्षित समूहहरू र उपभोक्ताहरू (Beneficiaries) (.................वर्षमा)<br>जिल्ला : ................................................................ |

| गाँउ वा स्थान | स्थानीय तह | घरबास संख्या | घरबास संचालक संख्या |
|---|---|---|---|
| | | | |

| गाँउ वा स्थान | स्थानीय तह | सिर्जना गरिएको नयाँ घरबास संचालकको संख्या | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | महिला | दलित | आदिवासी जनजाति | युवा | अन्य पछिपरेका | मुस्लिम |
| | | | | | | | |
| | | | | | | | |

| | |
|---|---|
| ५ | परियोजनाको अवधि<br>......... परियोजनाको सुरु र अन्तिम मिति |

६ परियोजनाको तार्किक ढाँचा (Project Logical Framework)

| सारांश | संख्यात्मक उद्देश्यमूलक रूपमा पुष्ट्याइँयोग्य सूचकहरू (Objectively verifiable indicators – OVIs) | गुणात्मक रूपमा जाँच गर्न सकिने सूचकहरू (QVIs) | पुष्ट्याइँका आधारहरू | जोखिमहरू र पुर्वानमानहरू |
|---|---|---|---|---|
| ध्येय (Goal) | | | | |
| उद्देश्य (Purpose) | | | | |
| उपलव्धिहरू (Outputs) | | | | |
| ***ToR*** मा भएको सबै ११ वटा क्रियाकलापहरु | Inputs | | | |

७ परियोजना अन्तर्गत सम्पन्न गरिने मुख्य क्रियाकलापहरू (***ToR*** मा भएको सबै ११ वटा क्रियाकलापहरु)

| प्रत्येक उपलव्धि (Output) का लागि मुख्य क्रियाकलापहरू | समयसीमा (कहिले सुरु र सम्पन्न गर्ने) | विधिहरूरतहहरू (कसरी कार्यान्वयन गर्ने) | सहयोगी संस्थाहरू |
|---|---|---|---|
| | | | |
| | | | |

८ कार्यान्वयनको अवधारणा (Approach)

८.१ परियोजनाका उपलव्धि (Output ) र परिणाम (Outcomes) लाई कसरी दिगो बनाउन सकिन्छ ?

८.२ यो परियोजनाका कारण वातावरणमा पर्ने सम्भाव्य नकारात्मक असरहरूबाट बच्न कसरी निश्चिन्त हुन सकिन्छ ? कुन वातावरणमैत्री प्रविधि र अभ्यासहरू अवलम्बन गर्न सकिन्छ ?

८.३ परियोजनाका सम्पूर्ण लक्ष्य (माथि उल्लिखित) अनुसारका क्रियाकलापहरूमा लैङ्गिक तथा सामाजिक समाबेशीकरणलाई कसरी सुनिश्चित गर्नुहुन्छ ?

८.४ सहभागीहरु बिशेषगरी अशिक्षित महिला विपन्न समुदायमा घरबास सम्बन्धि प्राविधिक सीपको विकास कसरी सुनिश्चित गर्नुहुन्छ ?

८.५ गुणस्तरयुक्त सेवा प्रवाहका लागि कसरी सुनिश्चित गर्नुहुन्छ ?

८.६ कार्यदिशमा उल्लेखित जिम्बेवारी कसरी पुरा गर्नु हुन्छ ?

८.७ कार्ययोजना

९ अन्य सरोकारवालाहरूसँग सहकार्य तथा साझेदारी

- विषयगत निकायहरूसँग कसरी र के का लागि ? (कृपया उल्लेख गर्नुहोस्)
- निजी क्षेत्रसँग कसरी र के का लागि ? (कृपया उल्लेख गर्नुहोस्)
- अन्य सरोकारवाला निकायहरूसँग कसरी र के का लागि ? (कृपया उल्लेख गर्नुहोस्)

| | |
|---|---|
| १० | अनुगमन तथा मूल्याङ्कन<br>१०.१ परियोजनाका गतिविधि प्रगतिको सुपरीवेक्षण कसरी गर्नुहुन्छ ?<br>१०.२ परियोजनाका गतिविधिहरूको उपलब्धि र परिणामहरूको अभिलेख कसरी राख्नहुन्छ ?<br>१०.३ घरबास संचालकहरुको प्रगति र सिकाइहरूको अभिलेख कसरी राख्नुहुन्छ ?<br>१०.४ प्रत्येक क्रियाकलाप र गतिविधिको कार्य दक्षता मूल्याङ्कन कसरी गर्नुहुन्छ ? |

**ख. आर्थिक प्रस्ताब**

| | | | | | | |
|---|---|---|---|---|---|---|
| प्रस्तावित क्रियाकलापहरु | समयसीमा ( २०........) | | इकाई (संख्या, पटक, जना आदी ) | दर | (रु.) लक्ष्य (..... जना घरबास/ संचालक सृजनाको लागि ) | जम्मा रु. |
| | ....... देखि | ..... सम्म | | | | |
| उपलब्धि (Output) १: वीरेन्द्रनगर देखि राराताल जाने बाटोहरुमा घरबास (होमस्टे) का लागि उपयूक्त सम्भावित स्थानहरुको पहिचान गर्ने । | | | | | | |
| क्रियाकलाप १.१ | | | | | | |
| क्रियाकलाप १.२ | | | | | | |
| उपजम्मा (Subtotal) | | | | | | |
| उपलब्धी (Output) २ : पहिचान भएका घरबास (होमस्टे) हरुमा समुह सदस्य/ पदाधिकारीहहरुलाई सचेतना तालिम दिने । | | | | | | |
| क्रियाकलाप २.१ | | | | | | |
| क्रियाकलाप २.२ | | | | | | |
| उपजम्मा (Subtotal) | | | | | | |
| उपलब्धी (Output) ३ : स्थानीय सर्वपक्षिय सरोकारवारवालाहरु संग प्रभावकारी रुपमा घरबास (होमस्टे) संचालनका लागि छलफल तथा आधारभूत सुचना संकलन गर्ने । | | | | | | |
| क्रियाकलाप ३.१ | | | | | | |
| क्रियाकलाप ३.२ | | | | | | |
| उपजम्मा (Subtotal) | | | | | | |
| उपलब्धी (Output) ४ : घरबास | | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| (होमस्टे) सञ्चालनको लागि स्थानीय स्तरमा समुह निर्माण गरि युवाहरुको क्षमता विकास गर्ने । | | | | | |
| क्रियाकलाप ४.१ | | | | | |
| क्रियाकलाप ४.२ | | | | | |
| उपजम्मा (Subtotal) | | | | | |
| उपलब्धी (Output) ५ : घरबास (होमस्टे) संचालन गर्नका लागि पहिचान भएका युवाहरुलाई आवश्यक पर्ने सिप मुलक तालिम संचालन गर्ने । | | | | | |
| क्रियाकलाप ५.१ | | | | | |
| क्रियाकलाप ५.२ | | | | | |
| उपजम्मा (Subtotal) | | | | | |
| उपलब्धी (Output) (Output) ६ : घरबास (होमस्टे) को लागि आवश्यक समान्य भौतिक पूर्वाधार निर्माण, मर्मत, सुधार र आवश्यक सामाग्रिको लागि सहयोग गर्ने । | | | | | |
| क्रियाकलाप ६.१ | | | | | |
| क्रियाकलाप ६.२ | | | | | |
| उपजम्मा (Subtotal) | | | | | |
| उपलब्धी (Output) (Output) ७ : घरबास (होमस्टे) को प्रचार प्रसारको लागि पप्लेट, ब्रसर निमार्ण गर्ने । | | | | | |
| क्रियाकलाप ७.१ | | | | | |
| क्रियाकलाप ७.२ | | | | | |
| उपजम्मा (Subtotal) | | | | | |
| उपलब्धी (Output) (Output) ८ : स्थानीय तह संग समन्वय तथा सहकार्य गर्ने । | | | | | |
| क्रियाकलाप ८.१ | | | | | |
| क्रियाकलाप ८.२ | | | | | |
| उपलब्धी (Output) (Output) ९ : मन्त्रालयले सुर्खेत,जुम्ला, कालिकोट तथा मुगुमा छनौट गरेका घरबासहरुको विस्तृत घरबास व्यवस्थापन योजना/ व्यवसायिक योजना बनाउने । | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| क्रियाकलाप ९.१ | | | | | | |
| क्रियाकलाप ९.२ | | | | | | |
| उपलब्धी (Output) (Output) १० : पर्यटकिय जनचेतनामुलक कार्यक्रम संचालन गर्ने। | | | | | | |
| क्रियाकलाप १०.१ | | | | | | |
| क्रियाकलाप १०.२ | | | | | | |
| उपलब्धी (Output) (Output) ११ : घरबास (होमस्टे) को सांस्कृतिक संग्रालय स्थापना गर्न विस्तृत लागत अनुमान सहितको योजना पेश गर्ने । | | | | | | |
| जनशक्ति व्यवस्थापन लागत | | | | | | |
| | | | | | | |
| अन्य | | | | | | |
| शीर्षभार (Overhead) | | | | | | |
| जम्मा | | | | | | |
| मुल्य अभिवृद्धि कर | | | | | | |
| कुल जम्मा | | | | | | |

नोट :. आर्थिक प्रस्तावको अनुसूची १ ख. मा उल्लेख भएका सबै उपलब्धि (Output) मा बजेट प्रस्ताव नगरीएको आर्थिक प्रस्तावको मूल्याङ्कन हुने छैन ।